त्रिभुवन विश्वविद्यालय

परीक्षा नियन्त्रण कार्यालय , बल्खु

## ४ वर्षे स्नातक तह दोश्रो बर्ष नियमित परीक्षा दिने परीक्षार्थीहरुका लागि आवेदन फारम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, बल्खु द्वारा वार्षिक प्रणली अनुसार २०८० सालमा सचांलन हुने ४ वर्षे स्नातक तह वि.वि.एस., वि.एड.,वि.एस.सी र वि.ए.दोश्रो वर्षको परीक्षा दिने नियमित परीक्षार्थीहरुले आ-आफ्नो क्याम्पस/कलेजमा मिति २०८० साल पौष २३ गते देखि २०८० साल माघ २२ गते सम्ममा नियमित दस्तुर र साधारण म्याद सकिएको एक हप्ताभित्र दोव्वर दस्तुर सहित परीक्षा आवेदन फारम भरि बुझाउनहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### १) परीक्षा आवेदन फारम सम्बन्धमा :-

क) परीक्षा आवेदन फारम स्वयम विद्यार्थीले भरि सबै प्रक्रिया पुऱ्याइ आफैले सम्वन्धित कार्यालयमा बुझउनु पर्नेछ । यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का. जवाफदेही हुने छैन ।

ख) परीक्षा आवेदन फराम भर्नको लागि हालसालै खिचेको ( साधारण पोसाकमा ) पासपोर्ट साइजको २ प्रति फोटो आवश्यक पर्नेछ ।

ग) परीक्षा संचालन अवधि सम्म प्रवेश पत्रको प्रतिलिपि लिन परेमा परीक्षा आवेदन फारममा प्रयोग भए अनुसारको फोटो नै पेश गर्नु पर्नेछ ।

### २) परीक्षा आवेदन फारम भर्ने म्याद र शुल्क सम्बधमा :-

क) काठमाडौ उपत्यका का क्याम्पसहरुले त्रि.वि.प.नि.का.को नाममा वैंक भौचर २ दिन भित्र आवेदन फारम सहित अनिवार्य रुपमा त्रि.वि.प.नि.का. बल्खुमा बुझाई सक्नु पर्नेछ । उपत्यका बाहिरका क्याम्पसहरुले उक्त वैंक भौचर बनाएको ४ दिन भित्र परीक्षा आवेदन फारम सहित क्षे.प.नि.का. मा र प.नि.का. क्षेत्रका उपत्यका बाहिरका क्याम्पसहरुले त्रि.वि.प.नि.का.बल्खुमा बुझाई सक्नु पर्नेछ ।

ख) परीक्षा फारमहरु बुझाउदा सम्वन्धित प.नि.का. मा वैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फारम रुजु गराएर सम्वन्धित शाखामा बुझाउनु पर्नेछ ।

३) **परीक्षाशुल्क सम्वन्धमा :-**

| | |
|---|---|
| क) नियमित परीक्षार्थीकमलागि खण्ड शुल्क | रु ४७०/- |
| ख) परीक्षाआवेदनफारम शुल्क | रु ६०/- |
| ग) परीक्षा केन्दशुल्कप्रति खण्ड | रु १००/- |
| घ) प्रयोगात्मक परीक्षाप्रति खण्ड विषयकालागिशुल्क | रु १५०/- |
| ङ) दुईवा सोभन्दा बढी विषयकालागिप्रयोगात्मक परीक्षाशुल्क | रु २७५/- |
| च) फिल्ड वर्क, टर्म पेपर र प्रोजेक्ट वर्क शुल्क | रु २७५/- |

४) **परीक्षाशुल्कबुझाउने सम्वन्धमा :-**

क) काठमाण्डौ उपत्यकाभित्रकाक्यम्पसहरुले त्रि.वि. कीर्तिपुर/बल्खु परिसर भित्र रहेकाग्लोवलआई.एम.ई. वैंक लिमिटेडको आम्दानीखाता नं. ०५०१०१०००५०० अथवा नेपाल वैंक लिमिटेडको आम्दानीखाता नं. ०४५००१०००९९१०८००००१ म परीक्षा सम्वन्धीशुल्कहरु जम्मा गरी प.नि.का. को नाममा रकमजम्मा गरेको वैंक भौचर सहितआवेदनफारम साथै कार्यालयमाअनिवार्य रुपमाबुझाउनु पर्नेछ ।

ख) काठमाडौ उपत्यकाबाहिरकाक्याम्पसहरुले बल्खु स्थित नेपाल बैक लिमिटेड अथवाग्लोवलआई.एम.ई. वैंक लिमिटेड बल्खु शाखाबाट अथवा काठमाडौ उपत्यकावाहिरकाकुनै पनि वैंकवाट भुक्तानीपाउने गरी त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयको नाममा बैंक भौचर वनाई आवेदनफारम साथै अनिवार्य रुपमाबुझउनु पर्नेछ ।

ग) क्षे.प.नि.का. विराटनगर क्षेत्रकाक्याम्पसहरुले परीक्षा सम्वन्धि सम्पूर्ण शुल्कत्रि.वि. क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, विराटनगर च.हि.नं. १०४००१००९२२१२००००००१ नेपाल बैंक लिमिटेड, बजारअड्डा शाखा , विराटनगरमा रकमबुझाएको भौचर परीक्षाआवेदनफारम साथै अनिवार्य रुपमाबुझाउनु पर्नेछ ।

घ) क्षे.प.नि.का. नेपालगञ्ज क्षेत्रकाक्याम्पसहरुले परीक्षा सम्वन्धि सम्पूर्ण शुल्कत्रि.वि. क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, नेपालगञ्जको च.हि.नं. २१०१०१००००००७६ ग्लोवलआई.एम.ई. वैंक लिमिटेड, त्रिभुवनचोकमा रकमबुझाएको भौचर परीक्षाआवेदनफारम साथै अनिवार्य रुपमाबुझाउनु पर्नेछ ।

ङ) क्षे.प.नि.का. पोखरा क्षेत्रकाक्याम्पसहरुले परीक्षा सम्वन्धि सम्पूर्ण शुल्कत्रि.वि. क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पोखराको च.हि.नं. ०९१००१०११३४००००००१ नेपाल बैंक लिमिटेड बगर शाखा , पोखरामा रकमबुझाएको भौचर परीक्षाआवेदनफारम साथै अनिवार्य रुपमाबुझाउनु पर्नेछ ।

परीक्षा नियन्त्रक